# स्थानिय राजपत्र

कृष्णनगर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कृष्णनगर, कपिलवस्तु

लुम्बिनी प्रदेश

---

# अटो रिक्सा, ई-रिक्सा व्यवसायी दर्ता सम्बन्धी

# कार्यविधि-२०७९

सार्बजनिक यातायातमा सहजतता प्रदानगर्नको लागि र अटोरिक्सा ई-रिक्सा सवारी साधन संचालनमा व्यबस्थित गर्नका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ को (क) ले दिएको अधिकार प्रयोग गरी कृष्णनगर नगरपालिकाले अटो रिक्सा ई-रिक्सा व्यवसायी दर्ता सम्बन्धी कार्यविधि-२०७९ जारी गरेको छ ।

**(१) कृष्णनगर नगरकार्यपालिका कार्यालयमा दर्ता नगरी यस क्षेत्र भित्र अटो चलाउन नपाइने :** प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम यस कृष्णनगर नगरपालिका कार्यालयमा आफ्नो अटो रिक्सा ई-रिक्सा दर्ता नगरी कोही कसैले पनि यस नगरपालिका क्षेत्रभित्र अटो रिक्सा ई-रिक्सा संचालन गर्न पाइने छैन । सम्बन्धित सवारीधनीले रुटप्रमिटका सम्पूर्ण शर्तहरु पूर्णरुपमा पालना गर्नुपर्नेछ अन्यथा यस कार्यालयबाट अनगुमनमा खटिएका कर्मचारी र नगर प्रहरीले जरिवाना गर्नेछ । तोकिएको पार्किङस्थल भन्दा अन्यत्र पार्किङ गरेको पाइएमा पहिलो पटक रु. ५० दोश्रो पटकमा रु २०० जरिवाना र तेश्रो पटकमा दर्ता खारेज समेत गर्न सकिनेछ ।

**(२) कृष्णनगर नगरपालिका दर्ता/पार्किङ सम्वन्धी व्यवस्था :**

(१) सार्बजनिक रुपमा यस क्षेत्रमा अटोरिक्सा ई-रिक्सा संचालन गर्न चहने व्यवसायीले अनुसूची-१ बमोजिमको ढाचाँमा फारम भरी दर्ताको लागि यस कृष्णनगर नगरकार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ। बढ्दो सवारी चाप का कारण हुने सडक दुर्घटनालाई न्यूनीकरण गर्नका लागि अटो रिक्सा संचालन इजाजत दिँदा हाल दर्ता गरको संख्या सडको यातायात क्षमताको अबस्था हेरेर मात्र थप अटोलाई दर्ता गरिने छ। अटो रिक्साको समग्र ब्यबस्थापन दर्ता, नवीकरण, रुटनिर्धारण, पाकिर्ङ स्थल निधारर्ण, भाडादर निर्धारण र अनियमित गर्नेलाई जरिवाना समेत गरी समग्र व्यबस्थापन गर्नका लागि यस नगरपालिका उप-प्रमुखको संयोजकत्वमा सरोकारवाला सहितको एक उप-समिति गठन गरिने छ । उप समिति को सिफरिस बमोजिम व्यवसायीहरुको हक हितको लागि एक व्यवसायी समिति व्यवसायिक प्रतिष्ठान सरह दर्ता गरी इजाजत पत्र दिईने छ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु रित पुगे नपुगेको,आबश्यक कागजात भए नभएको अध्ययन गरी नियमानुसार लाग्ने अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र प्रदान गरिनेछ ।

**(३) दर्ता प्रमाणपत्रको अवधि :**

रजत प्रताप शाह
नगर प्रमुख

(१) दफा २ बमोजिम प्रदान गरिएको सवारी साधन दर्ता प्रमाणपत्र खारेज भएकोवा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

**(४) दर्ता प्रमाणपत्रको नवीकरण :**

दर्ता प्रमाणपत्रमा लेखिएको म्याद नाघेको ३ महिनाभित्र दर्ताको प्रमाणपत्र नवीकरण गराइ सक्नु पर्नेछ । ३ महिना म्यादनाघि नवीकरण गराउन आउने सवारी धनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको १ बर्षसम्म १०० प्रतिशत, २ बर्षसम्म २०० प्रतिशत, ३ बर्षसम्म ३०० प्रतिशत, ४ बर्षसम्म ४०० प्रतिसत र ५ बर्षसम्म ५०० प्रतिशत दस्तुर समेत लिई त्यस्तो दर्ता प्रमाणपत्रको नवीकरण गर्नु पर्नेछ ।

**(५) नवीकरण सम्बन्धी विशेष व्यबस्था :**

माथि जुनसुकै कुरा लेखिएको भएता पनि सवारीधनीले ५ बर्षसम्मको लागि एकै पटक नवीकरण गराउन चाहेमा ५ बर्षसम्मको लागि लाग्ने नबीकरण दस्तुर एकमुष्ट लिई दर्ताको प्रमाणपत्र ५ बर्षसम्मको लागि एकै पटक नवीकरण गर्न सकिनेछ ।

**६) दर्ता प्रमाणपत्रको प्रतिलिपि दिने व्यवस्थाः**

कुनै अटोधनीले प्रमाणपत्र हराए वा नासिएको कारणबाट प्रमाणपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई प्रमाण पत्रको प्रतिलिपि दिनु पर्नेछ ।

**७) प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमा लेखिए जति सबै यसै बमोजिम हुने र अन्यको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

**८) बचाउ :**

यस अघि प्रचलित काननू बमोजिम यस कृष्णनगर नगरपालिका कार्यालयमा दर्ता भएका ई-रिक्सा अटोरिक्सा प्रमाणपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

रजत प्रताप शाह
नगर प्रमुख

अनुसूची- १

**विषयः अटो दर्ता सम्बन्धमा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कृष्णनगर

मेरो हाम्रो नाममा खरिद भएको निम्न विवरण भएको सवारी (ई - रिक्सा/अटो रिक्सा) रुट इजाजत प्राप्तिका लागि आबस्यक प्रमाणपत्रहरु यसै साथ राखी पेश गरेको छु। दर्ता गरी रुट इजाजत दिनुहुन सादर अनुरोध गर्दछु

**सवारीधनीको :**

**नम थर :**

**ठेगाना :**

**टेलिफोन :**

**पिता वा पतिको नाम थर :**

**सवारी दर्ता नं :**

**सवारीको किसिम :**

**सवारी बनाउने कम्पनीको नाम :**

**सवारी बनेको साल :**

**सवारीको मोडेल :**

**सवारी हर्षपावर :**

**सवारीको इन्जिन नं :**

**सवारीको चेसिज नं :**

**सवारीको रंग :**

**सवारीको प्रयोग : निजी/भाडा**

**सवारीमा चालक सहित क्षमता :**

**सवारीको इन्धन : पेट्रोल/डिजल/ब्याट्री**

यस दरखास्त फाराममा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ। झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

कम्पनी/संस्थाको छाप

दरखास्त वालाको :
दस्तखत :
मिति :

रजत प्रताप शाह
नगर प्रमुख

अनुसूची- २

| क.सं | सवारी दर्ता/नवीकरण दस्तुर | नामसारी दस्तुर | प्रतिलिपि दस्तुर |
|---|---|---|---|
| १ | १०००/- | १०००/- | ५००/- |

**नोट :** आबश्यक परेमा नया शुल्क दर सम्मानित नगरसभाबाट पारित भएबमोजिम हुनेछ ।

रजत प्रताप शाह
नगर प्रमुख

अनुसूची- ३

**सवारी साधन दर्ता प्रमाण-पत्र**

न.पा. दर्ता नं.:

सवारी धनिको नाम थर :

ठेगाना :

पिता वा पतिको नाम थर:

सवारी दर्ता नं :

दर्ता गर्ने निकाय:

सवारीको किसिम :

सवारी बनाउने कम्पनीको नाम :

सवारी बनेको साल :

सवारीको मोडेल :

सवारी हर्षपावर :

सवारीको इन्जिन नं :

सवारीको चेसिज नं :

सवारीको रंग :

सवारीको प्रयोग : निजि/भाडा

सवारीमा चालक सहित क्षमता :

सवारीको इन्धन : पेट्रोल/डिजल/ब्याट्री :

**अधिकृतको दस्खत :**

**नवीकरण**

| आ.व. | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर,भौचर नं.र मिति | नवीकरण गर्ने अधिकारी को दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले,

रामचन्द्र ढकाल

प्रमुख प्रशासकीय अधिकृत

रजत प्रताप शाह
नगर प्रमुख